# मिडिया विकास कोष नीति, २०५२
# (सातौं परिमार्जन - २०७७)

१.परिचय/पृष्ठभूमि :

नेपालको मिडियालाई आधुनिकीकरण तथा व्यवसायिकरण गरी पत्रकारिता क्षेत्रको संस्थागत र गुणात्मक विकासका लागि खासगरी काठमाडौं उपत्यका बाहिरका विभिन्न सञ्चारमाध्यम र पत्रकारहरूलाई सहायता प्रदान गर्ने उद्देश्यले मिडिया विकास कोषको स्थापना भएको हो। प्रेस काउन्सिल ऐन, २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरि प्रेस काउन्सिल नेपालले नेपाल सरकारको स्वीकृतिमा प्रेस काउन्सिल मिडिया विकास कोष उपसमितिको विनियम, २०५१ पारित भई सोहीबमोजिम कार्य सम्पादन हुँदै आएको छ। उक्त विनियमको दफा ९(च), १६ बमोजिम मिडिया विकास कोष सञ्चालनका लागि मिडिया विकास कोष नीति, २०५२ (सातौं परिमार्जन-२०७७) तय गरिएको छ।

**२. कोषको व्यवस्था :**

नेपाल सरकारबाट १ करोड ५० लाख र डेनिस सरकारको १ करोड ५० लाख गरी जम्मा ३ करोडमा स्थापित अक्षय कोषको प्राप्त ब्याजबाट सञ्चारमाध्यम र पत्रकारहरूलाई अनुदान सहयोग गरिँदै आएको छ। यस कोषमा ब्याजबाट बचत रकमसमेत जम्मा गर्ने गरिएको छ। आर्थिक वर्ष २०७६/२०७७ सम्म यस कोषमा ४ करोड २५ लाख रकम रहेको छ।

३. संरचना : मिडिया विकास कोष उपसमिति

| | |
|---|---|
| क) अध्यक्ष, प्रेस काउन्सिल नेपाल | अध्यक्ष |
| ख) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ | सदस्य |
| ग) सदस्य-सचिव, प्रेस काउन्सिल नेपाल | सदस्य |
| घ) प्रतिनिधि, नेपाल प्रेस इन्स्टिच्युट | सदस्य |
| ङ) उपसमितिले कारोबार गरेको व्यवसायिक बैङ्कको प्रतिनिधि | सदस्य |
| च) प्रेस काउन्सिलका प्रशासन प्रमुख वा काउन्सिलले तोकेको अन्य व्यक्ति | सदस्य-सचिव |

**४. कोषको सञ्चालन :**

यो कोष कोषका सदस्य-सचिव र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुँदै आएको छ।

सदस्य सचिवले कोष सञ्चालनका लागि काउन्सिलका कुनै अधिकृतलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछन्।

**५. मिडिया विकास कोष उपसमितिका कार्यहरू :**

क) उपसमितिको सम्पूर्ण प्रबन्ध, रेखदेख, निरीक्षण तथा नियन्त्रण गर्ने र सामान्य व्यवस्थापकीय अधिकार प्रयोग गर्ने।

ख) उपसमितिको प्रतिनिधित्व गर्ने, उपसमितिको तर्फबाट सम्झौता, लेखापढी र संस्थागत हित संरक्षणका लागि सबै कार्य गर्ने।

ग) कोष सञ्चालन र उपयुक्त व्यवस्थाद्वारा आय आर्जन हुन सक्नेगरी लगानी गर्ने साथै आर्जित आयसमेत उपसमितिको उद्देश्यको प्रयोजनमा प्रयोग गर्ने।

घ) उपसमितिका लागि कर्मचारी नियुक्त गर्ने र तिनीहरूको सेवा, सर्त तोक्ने।

ङ) उपसमितिको हित वा उद्देश्य प्राप्तिका लागि आवश्यक देखिएका पदाधिकारीको व्यवस्था गर्ने।

च) सञ्चारमाध्यम र पत्रकारलाई सहयोग पुऱ्याउन आवश्यक मापदण्ड बनाइ स्वीकृत गर्ने ।

छ) आफ्नो अधिकार कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्ने ।

**६. कोषको नीति :**

मिडिया विकास कोष उपसमितिले काउन्सिलको स्वीकृतिमा समयानुकूल नीति तर्जुमा एवं परिमार्जन गरी कार्यान्वयन गर्दै आइरहेको छ ।

**७. परिमार्जनको आवश्यकता :**

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेलगत्तै तत्कालीन आवश्यकताअनुसार वि.सं. २०६६ मा कोषको नीति, क्षेत्र, प्रक्रियामा सञ्चारमाध्यमको परिवेशअनुसार मापदण्ड परिमार्जन गरिएकोमा हाल सूचना र सञ्चार प्रविधिमा भएको विकास, आमसञ्चारमाध्यमका विविध साधनहरूको तीव्रतर विकास र विस्तार, सञ्चारक्षेत्रको आवश्यकता एवं विपद्, महामारीजस्ता कारणले सञ्चारक्षेत्रमा परेको गम्भीर असरसमेतका आधारमा कोषको मापदण्डमा समयानुकूल परिमार्जनको आवश्यकता महसुस गरी परिमार्जन गरिएको छ ।

**८. उद्देश्य :**

मिडिया विकास कोषको प्रमुख उद्देश्य स्वतन्त्र एवं निष्पक्ष पत्रकारितालाई व्यवसायिक बनाइ नेपालमा लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउन स्वतन्त्र पत्रकारिताको संस्थागत विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउनु हो । यसको तत्कालीन उद्देश्य सञ्चारको विकास हुन नसकेका अति दुर्गम क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमको समुचित विकासका लागि सहयोगस्वरुप अनुदान उपलब्ध गराउनु, सञ्चारकर्मीले प्रयोग गर्ने सञ्चार साधनमा विशेष अनुदान उपलब्ध गराउनु, पत्रकार महासङ्घ जिल्ला शाखाहरूमा सञ्चारकेन्द्र स्थापना गर्नु, पत्रकारहरूका लागि छात्रवृत्ति, लेखनवृत्ति तथा पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षणहरू सञ्चालन गर्नु रहेको छ भने दीर्घकालीन उद्देश्य व्यवसायिक पत्रकारिताको संस्थागत विकासमा सहयोग पुऱ्याउनु हो ।

**९. सहयोग गर्ने क्षेत्र :**

परिवर्तित सन्दर्भमा मिडिया विकास कोषले पत्रकारिताको विकासका दृष्टिले अति पछि परेका पहाडी, हिमाली दुर्गम तथा सञ्चार प्रविधि र पहुँचमा पिछडिएका जिल्लामा पत्रकारिताको विकासका निम्ति पत्रपत्रिका तथा विद्युतीय सञ्चारसँग सम्बन्धित विभिन्न संस्था र व्यक्तिलाई सहयोग स्वरुप एकमुष्ट अनुदान सहयोग उपलब्ध गराइने छ । सहयोगका क्षेत्रहरू निम्नानुसार रहेका छन् :-

क) पत्रपत्रिकाको निम्ति अफसेट प्रेस खरिदमा,

ख) रेडियो (एफ. एम. स्टेशन) स्थापनाको लागि प्रयोग हुने उपकरणहरू खरिदमा,

ग) नेपाल पत्रकार महासङ्घका शाखाहरूले सञ्चालन गर्ने सञ्चारकेन्द्रको निमित्त आवश्यक उपकरणहरू खरिदमा,

घ) पत्रकारहरूलाई क्यामेरा, कम्प्युटर (ल्यापटपसमेत), स्क्यानर र इन्टरनेटको साधन खरिदमा,

ङ) पत्रकारितासम्बन्धी तालिम सञ्चालन, छात्रवृत्ति एवं लेखनवृत्ति,

च) स्नातकोत्तर अध्ययनरत पत्रकारिता विषयमा (विशेषगरी ग्रामीण विकास तथा पत्रकार आचारसंहिता र पत्रकारितासँग सम्बन्धित विषयमा) सोधपत्र (थेसिस) लेख्नका लागि प्रस्ताव आएमा प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी एक आर्थिक वर्षमा बढीमा सात जनासम्म पत्रकारिता क्षेत्रका विद्यार्थीलाई सहयोग गर्ने । कुनै प्रदेशबाट सोधपत्र लेखनको लागि निवेदन प्राप्त नभएको तर अन्य प्रदेशबाट एकभन्दा बढी निवेदन परेको हकमा सात जनाको सीमाभित्र रही समितिको निर्णयबमोजिम उपलब्ध गराउन सकिनेछ ।

छ) कुनै महामारी, विपद्को अवस्था आई सञ्चारमाध्यम र पत्रकारलाई गम्भीर असर परेको ठहर भएमा समितिले कोषबाट प्राप्त ब्याजको बचत रकमबाट पत्रकार र सञ्चारमाध्यम केन्द्रित विशेष राहत तथा सहुलियत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

ज) काउन्सिलबाट स्थापित पत्रकार कल्याणकारी कोष, पत्रकार पुरस्कार कोषसहितका अक्षय कोषहरूका लागि ब्याजको बचत रकमबाट समितिको निर्णयबाट निश्चित बजेट विनियोजन गर्न सकिने छ ।

झ) सरकारबाट घोषित सहिद परिवार, दलित, महिला, अपाङ्ग, पिछडिएको वर्ग, लोपोन्मुख समुदाय वा पत्रकारहरूले सञ्चालन गरेका सञ्चारमाध्यमहरूलाई सहयोगमा प्राथमिकता दिइने छ ।

**१०. अवलम्बन गर्ने नीति एवं विधि :**

क) अफसेट प्रेस, स्वीकृत प्राप्त एफएम रेडियोका निम्ति अधिकतम ३ लाखसम्म अनुदान सहयोग उपलब्ध गराइने छ । यसरी उपलब्ध हुने रकममध्ये आधा रकम जडान गरी सञ्चालन भएपछि र बाँकी रकम त्यसको दुई वर्षपछि उपलब्ध हुनेछ ।

ख) नेपाल पत्रकार महासङ्घका शाखाले स्थापना गर्ने सञ्चार केन्द्रको निम्ति आवश्यक उपकरण खरिदका लागि बढीमा रु. १ लाख ५० हजारसम्म आर्थिक सहयोग उपलब्ध गराइने छ । सञ्चारकेन्द्र स्थापनाका लागि दिइएको अनुदान सहयोग दुरुपयोग हुन नदिन सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यालयको सिफारिस अनिवार्य संलग्न हुनुपर्नेछ । यस्तो सुविधा एकपटक दिएपछि १० वर्षसम्म दिइनेछैन । एक आर्थिक वर्षमा दर्ता क्रमअनुसार बढीमा तीन वटासम्म शाखालाई अनुदान सुविधा दिइनेछ ।

ग) पत्रकारहरूलाई २ लाखसम्मको सञ्चार उपकरणहरू (क्यामेरा, स्क्यानर, कम्प्युटर, ल्यापटपसमेत) खरिद गर्न एकमुष्ठरूपमा सहयोग रकम उपलब्ध गराइने छ । १ लाखसम्मको सञ्चार उपकरणहरू (क्यामरा, ल्यापटप खरिदमा ४० प्रतिशत, र सोभन्दा माथि बढीमा २ लाखसम्मको उपकरणका लागि ३० प्रतिशत अनुदान बराबरको रकम एकमुष्ट उपलब्ध गराइनेछ । यस्तो सुविधा एकपटक लिइसकेको १० वर्ष पुगेपछि मात्रै फेरि सुविधाको लागि निवेदन दर्ता गरिनेछ । त्यसको लागि सम्बन्धित व्यक्तिले भ्याटको बिल पेस गर्नुपर्नेछ । उक्त रकम सम्बन्धित व्यक्तिको बैङ्क खातामार्फत भुक्तानी दिइनेछ ।

घ) अति दुर्गम क्षेत्र एवं दलित, महिला, अल्पसङ्ख्यक समुदाय साथै अपाङ्गता भएका पत्रकारले इन्टरनेट जडान गर्दा अधिकतम बीस हजारसम्म अनुदान उपलब्ध गराइने छ । यसरी रकम उपलब्ध गराउँदा एक वर्षमा ७ प्रदेशबाट बढीमा २/२ जनासम्म पत्रकारलाई यस्तो अनुदान उपलब्ध गराइने छ । पहिले यो सुविधा लिइसकेकालाई पुनः उपलब्ध हुनेछैन ।

ङ)) नयाँ स्थापना हुने रेडियोलाई दिने अनुदान बाहेकको हकमा सञ्चारमाध्यम कम्तिमा ३ वर्ष नियमित सञ्चालनमा रहेको र पत्रकारको हकमा कम्तिमा ५ वर्ष नियमित पत्रकारिता गरेको हुनुपर्नेछ ।

च) लेखनवृत्तिको लागि प्रत्येक प्रदेशबाट तोकिएअनुसार प्रतिनिधित्वहुने गरी उपलब्ध गराइने छ ।

छ) पत्रकार आचारसंहिता उल्लङ्घनको कारबाहीमा परेको २ वर्ष पूरा नभएका सञ्चारमाध्यम र पत्रकारहरूलाई अनुदान उपलब्ध गराइने छैन ।

ज) यो सहयोग लिनका लागि कोषबाट सैद्धान्तिक स्वीकृति लिनुपर्छ ।

झ ) अनुदान सहयोग माग गर्ने सञ्चारमाध्यमहरूमा श्रमजीवी पत्रकार ऐन लागु भएको हुनुपर्नेछ ।

ञ) एउटै जिल्लाका एकभन्दा बढी रेडियो वा अफसेट प्रेसलाई एक आ.व. मा सहयोग गरिने छैन । तर सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा सोही जिल्लामा रेडियो, प्रेस सञ्चालन गर्न वा क्षमता अभिवृद्धि गरी थप उपकरण खरिद गर्न प्रस्ताव आएमा थप एकलाई ब्याज अनुदान दिन सकिनेछ ।

ट) सैद्धान्तिक सहमति पाएको ३ महिना भित्रमा सामान खरिद नगरेमा सहयोग प्रक्रिया बन्द गरिनेछ । उक्त समयमा कुनै कारणले सामान खरिद गर्न नसकिएमा आधार र प्रमाणसहित म्याद थपको लागि निवेदन प्राप्त भएमा बढीमा ३ महिना थप गर्न सकिने छ ।

ठ) अनुदान रकम उपलब्ध गराउनुअघि यस कोषबाट अनुगमन एवं निरीक्षण गर्न/गराउन सकिने छ ।

ड) अनुदान प्राप्त उपकरणको गलत प्रयोग नहोस् भन्ने उद्देश्यले अनुदान सहयोग उपलब्ध हुने बेलामा उक्त उपकरण आफूले पत्रकारिता क्षेत्रको प्रयोजनका लागि लिएको र कथंकदाचित त्यसको गलत प्रयोग गरेको पाइए त्यसको सार्वजनिक गर्न मन्जुर रहेको लिखित सम्झौता अग्रिम रूपमा गराउनुपर्नेछ ।

**११. सहयोग उपलब्ध गराउने प्रक्रिया :**

अ) अफसेट प्रेस स्थापनाको लागि अनुदान :

क) अफसेट प्रेस स्थापनाका निम्ति अनुदान सहयोग माग गरी निवेदन दिने प्रकाशन संस्था वा प्रकाशकले आफूले प्रेसमा लगानी गर्न चाहेको रकम, खरिद गर्न लाग्ने खर्च, प्रेस सञ्चालनको उद्देश्यसहितको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

ख) अनुदान सहयोग माग गरी निवेदन दिने सञ्चारमाध्यम विगत ३ वर्षदेखि नियमित प्रकाशित भएको हुनुपर्नेछ ।

ग) जिल्लामा पत्रपत्रिकाको साइजअनुसारको छपाई गर्ने प्रेस नभएको वा एउटा मात्र भएको अवस्थामा मात्र प्रेस स्थापनार्थ अनुदान दिइने छ ।

घ) अनुदान सहयोग दिनका लागि उपकरण खरिद गरे/नगरेको निरीक्षण एवं अनुगमन हुनेछ । यसको लागि पत्रकार महासङ्घ जिल्ला शाखा र जिल्ला प्रशासन वा जिल्ला हुलाक कार्यालयको समेत सहयोग लिन सकिने छ ।

ङ) मालसामान खरिद गरिसकेपछि सोको बिल भरपाईहरू कोषसमक्ष पेश गर्नुपर्नेछ । कोषबाट अनुदान रकम सहयोग गर्ने संस्था वा व्यक्तिको बैङ्क खातामा पठाउनुपर्नेछ ।

आ) एफएम रेडियो स्थापनाका लागि अनुदान :

क) एफएम रेडियो स्थापनाका निम्ति नियमानुसार दर्ता भएका/स्वीकृति लिएका संस्थाले सहयोग माग गर्न सक्नेछन् ।

ख) रेडियो स्थापनाको निम्ति सहयोग माग गर्ने संस्थाका सञ्चालकहरू मध्ये कम्तिमा पनि ५१% सदस्यहरू पत्रकार हुनुपर्नेछ । सबै सञ्चालकहरूको वैयक्तिक विवरण र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिसमेत निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

ग) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपिसहित संस्थाको उद्देश्य, कार्यक्षेत्र र कार्यक्रमको प्रारुप किटान गरिएका कागजातहरू निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

घ) समाजको विकास, वातावरण, शिक्षा, स्वास्थ्य, संस्कृति एवं जनचेतना अभिवृद्धि तथा राष्ट्रियता, राष्ट्रिय अखण्डता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणमा योगदान पुग्ने सूचनामुलक सामग्रीलाई प्राथमिकता दिने जनसमुदायको हितलाई प्रबर्द्धन गर्ने र व्यापारभन्दा सेवाको उद्देश्यबाट सञ्चालन हुने गरी दर्ता भएका विद्युतीय सञ्चारमाध्यमलाई कोषले सहयोग उपलब्ध गराउने छ ।

ङ) अनुदान सहयोग माग गरी निवेदन दिने संस्थाले आफूले आयोजनामा लगानी गर्न चाहेको रकम, आयोजना पूरा गर्न लाग्ने खर्चसहितका विवरणहरूको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

च) एक जिल्लामा एकै प्रकृतिका र एउटै प्रशारण क्षेत्र भएका दुईवटासम्म रेडियो सञ्चालनमा रहेका रहेछन् भने त्यस्तो जिल्लामा स्थापना हुने रेडियोलाई अनुदान उपलब्ध हुने छैन ।

छ) अनुदान सहयोग दिनका लागि उपकरण खरिद गरे/नगरेको निरीक्षण एवं अनुगमन हुनेछ । यसको लागि पत्रकार महासङ्घ जिल्ला शाखा र जिल्ला प्रशासन वा जिल्ला हुलाक कार्यालयको समेत सहयोग लिन सकिने छ ।

इ). सञ्चार केन्द्रको निम्ति आवश्यक पर्ने उपकरणहरूमा अनुदान :

क) पत्रकार महासङ्घ जिल्ला शाखाद्वारा सञ्चालन गरिने सञ्चार केन्द्रको निम्ति आवश्यक उपकरण खरिदका लागि कोषले अनुदान सहयोग उपलब्ध गराउनेछ ।

ख) सञ्चार केन्द्र स्थापनाको निम्ति सम्बन्धित महासङ्घले पत्रकार महासङ्घ केन्द्रीय समितिको सिफारिस संलग्न राखी कोषसमक्ष निवेदन दिनुपर्नेछ ।

ग) सञ्चार केन्द्रको निम्ति आवश्यक पर्ने उपकरणहरू (कम्प्युटर, स्क्यानर, प्रिन्टर, फ्याक्स र इन्टरनेट जडानका लागि कोषले अनुदान उपलब्ध गराउनेछ ।

घ) अनुदान सहयोग दिनका लागि उपकरण खरिद गरे/नगरेको निरीक्षण एवं अनुगमन हुनेछ । यसको लागि पत्रकार महासङ्घका कुनै शाखा र जिल्ला प्रशासन वा जिल्ला हुलाक कार्यालयको समेत सहयोग लिन सकिने छ । खरिद गरिएका उपकरणको दाखिला प्रतिवेदनसमेत पेस गर्नुपर्नेछ ।

ई). सहिद परिवार, दलित, महिला, अपाङ्ग, एकल महिला, लोपोन्मुख वर्ग, पिछडिएको वर्ग, न्युन आय भएका वर्गले सञ्चालन गर्ने सञ्चार माध्यमलाई सहयोग :

क) सहिदका परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्ग, न्युन आय भएका वर्गले सञ्चालन गर्ने मिडियामा सहयोगका लागि सम्बन्धित निकायबाट परिचय खुल्ने आधिकारिक प्रमाण पेस गर्नुपर्नेछ ।

ख) सञ्चारमाध्यम नियमितरुपमा प्रकाशित/प्रसारित भएको हुनुपर्नेछ ।

ग) अनुदान सहयोग माग गरी निवेदन दिने संस्थाले आफूले आयोजनामा लगानी गर्न चाहेको रकम, आयोजना पूरा गर्न लाग्ने खर्चसहितका विवरणहरूको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

घ) मालसामान खरिद गरिसकेपछि सोको बिलभरपाईहरू, सामान दाखिला भएको प्रतिवेदन कोषसमक्ष पेस गर्नुपर्नेछ ।

उ) फोटो पत्रकार तथा पत्रकारहरूलाई सहयोग :

क) पत्रकारहरूलाई डिजिटल क्यामेरा, कम्प्युटर खरिद तथा इन्टरनेट जडान गर्न कोषले सहयोग गर्नेछ ।

ख) यस्तो सहयोग निजले लिएको बैङ्क ऋणमा अथवा व्यक्तिगतरूपमा सरसापट गरी उपकरण खरिद गरेमा पनि प्राप्त गर्न सक्नेछ ।

ग) पत्रकारितासम्बन्धी उपकरण खरिद गर्न चाहने पत्रकारले आफूले खरिद गर्न चाहेको उपकरणको कोटेशनसहित कोषसमक्ष निवेदन दिनुपर्नेछ ।

घ) सहयोग माग गर्ने पत्रकारले सम्बन्धित सञ्चारमाध्यमको सिफारिस पत्र, २ वर्षदेखि फोटोपत्रकार भएको प्रमाणसहित नेपाल पत्रकार महासङ्घको सिफारिस तथा सरकारी निकाय (सूचना तथा प्रसारण विभाग वा प्रेस रजिस्ट्रार)बाट जारी गरिएको फोटो पत्रकार परिचयको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ ।

ङ) निवेदन प्राप्त भएपछि आवश्यक छानबिन गरी पत्रकारलाई बढीमा २ लाखसम्मको उपकरणमा अनुदान सहयोग उपलब्ध गराइनेछ ।

च) अनुदान सहयोग प्राप्त गर्नको निम्ति निजले उपकरण खरिद गरेको सक्कल बिल कोषसमक्ष पेस गर्नुपर्नेछ । सक्कल बिलको आधारमा प्रमाणित प्रति कोषमा अभिलेखको लागि राखिनेछ ।

छ) एकवर्षमा एक जिल्लाका एकभन्दा बढी पत्रकार/फोटो पत्रकारलाई अनुदान सहयोग गरिनेछैन । एक जिल्लाबाट धेरै निवेदन आएमा पहिलो दर्ता भएको निवेदनकर्तालाई सहयोग उपलब्ध गराइनेछ । तर सोही जिल्लाका सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा सहयोग माग गरी निवेदन आएमा थप एकलाई सहयोग गर्न सकिनेछ ।

ज) फोटो पत्रकारको हकमा परिचय खुल्ने प्रमाण, कम्तिमा २ वर्ष नियमित पत्रकारिता गरेको अनुभवको प्रमाण र सम्बन्धित निकायबाट सिफारिस भएको समेत हुनुपर्नेछ ।

ऊ. पत्रकारितासम्बन्धी तालिम :

क) कोषले आवश्यकता र मागअनुसार पत्रकारितासम्बन्धी विविध पक्षमा तालिम सञ्चालन गर्नेछ । कोषबाट पत्रकारलाई मर्यादित र व्यवसायिक बनाउने सन्दर्भमा पत्रकार आचारसंहितासम्बन्धी तालिम औचित्य र आवश्यकताको आधारमा सञ्चालन गर्न सकिनेछ । त्यस्ता तालिम आचारसंहिता केन्द्रित हुने र काउन्सिलबाट सदस्य र विज्ञको सहभागितामा जिल्ला/प्रदेश/केन्द्रमासमेत सञ्चालन गर्न सकिनेछ । यस्तो तालिममा विषयसँग सम्बन्धित इतिहास बनाएका व्यवसायिक संस्थासँग पनि सहकार्य गर्न सकिनेछ ।

ख) पत्रकारिता सम्बन्धी तालिम एक जिल्ला वा प्रदेशमा एक वर्षमा एक पटकमात्र सञ्चालन गर्न सकिनेछ । यस्ता तालिममा ३० जनासम्मलाई सहभागी बनाइने छ ।

ग) तालिमको लागि आवश्यकताका आधारमा प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुनेगरी साथै काउन्सिलले समेत तोकी पठाएका बढीमा दश जनासम्म व्यक्तिलाई तीन महिनासम्मको तालिमको लागि जनही बढीमा तीस हजारसम्म खर्च गर्नेगरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ । यस्तो छात्रवृत्तिको लागि तालिम चलाइरहेका व्यवसायिक संस्थाहरूसँग सहकार्य गर्न सकिनेछ । यस्ता कार्यक्रमको प्रत्येक वर्ष प्रभावकारिता अध्ययन गरिनेछ ।

घ) तालिम सञ्चालन गर्दा नेपाल पत्रकार महासङ्घसहित पत्रकारिता क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थासँगको सहकार्यमा सञ्चालन गर्न सकिनेछ ।

ङ) देशका अति दुर्गम क्षेत्रका पत्रकारहरूले डेस्कटप, पब्लिसिङ्ग, छपाई, प्रेस सञ्चालनलगायत सञ्चारमाध्यमको व्यवस्थापनसम्बन्धी तालिम लिन चाहेमा कोषले त्यस्तो तालिम लिन चाहनेलाई तालिमका लागि लाग्ने खर्चमा ७५ प्रतिशतसम्म अनुदान दिनेछ । यसरी दिइने अनुदानको रकम १५ हजारभन्दा माथि हुने छैन । यस्तो तालिम प्रत्येक आ.व.मा ७ जना पत्रकारलाई मात्र दिइनेछ । तर सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा तालिमका लागि प्रस्ताव आएमा थप दुई जनालाई माथि उल्लेखित विषयको तालिमका लागि सहयोग गर्न सकिनेछ ।

ए. सोधपत्र लेखनमा सहयोग गर्ने :

क) विश्वविद्यालयहरू अन्तर्गत रहेको पत्रकारिता विषय अध्ययन गर्ने विद्यार्थीलाई स्नातकोत्तर तहमा (विशेषगरी ग्रामीण पत्रकारिता तथा पत्रकार आचारसंहिता) शोधपत्र तयार गर्न २५ हजार रुपैयाँसम्म आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

ख) शोधपत्रका लागि सम्बन्धित क्याम्पसमा पेस भएको प्रस्ताव र सोअनुसारको सिफारिस पेस हुनुपर्नेछ ।

ग) सहयोग गर्दा पत्रकारिता अध्ययनरत प्रदेशगत प्रतिनिधित्व हुनेगरी गरिब, जेहेन्दार, दलित, जनजाति, महिला एवं मधेशी विद्यार्थीहरूलाई प्राथमिकता दिइनेछ ।

घ) शोधपत्र लेखन सहयोग वर्षमा बढीमा सातजना विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

ङ) निवेदनमा शोधपत्रसम्बन्धी कार्ययोजना र आवश्यक अनुमानित खर्च र नागरिकताको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ ।

च) स्वीकृत भएको बढीमा २ वर्षभित्र सम्पन्न गरी पेस गर्नुपर्ने र सार संक्षेप प्रस्तुतिकरणसमेत गर्नुपर्नेछ । अन्यथा सहयोग रकम भुक्तानी हुने छैन ।

ऐ. लेखन वृत्तिमा सहयोग गर्ने :

क) कम्तिमा ३ वर्षदेखि नियमित पत्रकारिता गरिरहेका पत्रकारहरू मध्ये उपत्यकाबाहिर तथा दुर्गम क्षेत्रमा रही जनसरोकारका विषयमा नियमित समाचार सामग्री प्रवाह गर्ने प्रत्येक प्रदेशबाट बढीमा तीन जनामा नबढ्ने गरी पत्रकारलाई हरेक आर्थिक वर्षमा प्रतिव्यक्ति १५ हजार रुपैयाका दरले लेखनवृत्ति प्रदान गरिने छ । कुनै प्रदेशबाट लेखनवृत्तिका लागि निवेदन प्राप्त नभएको तर अन्य प्रदेशबाट तोकिएभन्दा बढी निवेदन परेको हकमा एक्काइस जनाको सीमाभित्र रही समितिको निर्णयबमोजिम उपलब्ध गराउन सकिनेछ ।

ख) लेखनवृत्तिका लागि समाचार सामग्री प्रकाशन वा प्रसारण भएको सञ्चारमाध्यमको सिफारिस र जनचासोका विषयका ५ वटा प्रकाशित, प्रसारित समाचार सामग्रीसहित कोषसमक्ष निवेदन दिनुपर्नेछ । विषय तोकी लेखनवृत्तिमा सहभागी हुन आव्हान गर्न सक्नेछ ।

ग) लेखनवृत्तिका लागि प्राप्त निवेदन मध्येबाट समितिले उत्कृष्ट समाचार सामग्री प्रवाह गर्नेलाई छनौट गरी लेखनवृत्ति प्रदान गर्नेछ ।

घ) लेखनवृत्ति प्रदान गर्दा दलित, जनजाति, महिला एवं मधेशी समुदायका पत्रकारलाई प्राथमिकता दिइने छ ।

ङ) लेखनवृत्ति प्रदान गर्दा लेखनवृत्ति प्रतिवेदन प्राप्त भएपछि मात्र तोकिएको रकम भुक्तानी गरिने छ । यस्तो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

ओ. विशेष राहत तथा सहुलियत कार्यक्रम:

क) देशमा कुनै महामारी, विपद्को अवस्था आइ सञ्चारमाध्यम र पत्रकारलाई गम्भीर असर परेको अवस्थामा उपसमितिले निर्णय गरी कोषबाट सो आर्थिक वर्षमा प्राप्त ब्याजको बचत रकम वा निश्चित रकम छुट्याई पत्रकार र सञ्चारमाध्यम केन्द्रित विशेष राहत तथा सहुलियत कार्यक्रम सञ्चालन गर्नेछ ।

ख) विशेष राहत तथा सहुलियतका लागि महामारी, विपद्बाट प्रभावित बन्न पुगेका पत्रकार तथा सञ्चारमाध्यमका समस्या सम्बोधन गर्न सहयोग पुग्ने गरी राहतस्वरुप अनुदान कार्यक्रम तय गर्नुपर्नेछ ।

ग) विशेष राहत तथा सहुलियतका लागि समितिले निश्चित मापदण्ड र प्रक्रिया तय गरी जारी गरेको सार्वजनिक सूचनाका आधारमा सङ्कलित प्रभावितहरूको सूचि मध्येबाट समितिले बढी प्रभावित पत्रकार तथा सञ्चारमाध्यमलाई सहुलियत उपलब्ध गराउने छ ।

**१२. अनुदान तथा सहुलियत माग गर्दा सङ्लग्न गर्नुपर्ने विवरण :**

अनुदान माग गर्दा निम्नलिखित कुराहरूको पूर्णविवरण उल्लेख गरी मिडिया विकास कोषको सचिवालयमा निवेदन दर्ता गराउनुपर्नेछ :-

(क) संस्था, कम्पनी वा पत्रिका दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनी भए नवीकरण गरिएको कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ग) कम्पनी (संस्था) को विधान, प्रबन्धपत्र तथा विनियमावलीको प्रतिलिपि, सञ्चालक समितिको निर्णय,

(घ) खरिद गरिने उपकरणहरूको निर्माता कम्पनी, क्षमता तथा मूल्यसमेत उल्लेख गरिएको दरभाउ पत्र ( कोटेशन),

(ङ) कम्पनीको चुक्ता पुँजी, कामदारहरूको सङ्ख्या र बजार स्थिति,

(च) कम्पनी वा पत्रिका घाटामा छ वा नाफामा चलेको छ सोको यथार्थ विवरण,

(छ) उद्यमी तथा प्रकाशकको अनुभव तथा योग्यता खुलाउने कागजातहरू, पुरानो कम्पनी भएमा त्यसको आर्थिक विवरण (Balance Sheet) पेस गर्नुपर्नेछ ।

(ज) प्रेस रजिस्ट्रारको कार्यालयबाट श्रमजीवी पत्रकार ऐन (संशोधित २०६४ लागू भएको जानकारीसहित पत्र निवेदनसाथ संलग्न हुनुपर्नेछ,

(झ) पत्रकारको हकमा सम्बन्धित संस्थाको सिफारिस पत्र,

(ञ) पत्रिकाको हकमा वर्गीकरणको प्रमाणपत्र ।

**१३. सचिवालय व्यवस्थापन एवं प्रशासनिक खर्च :**

क) मिडिया विकास कोषको सचिवालय व्यवस्थापनका लागि आवश्यक मसलन्द, प्रशासनिक खर्च एवं मेसिनरी औजार उपकरण, काउन्सिल कर्मचारी अवकाश कोषका लागि यो कोषबाट स्वीकृत बजेटको अधिनमा रही खर्च गर्न सकिने छ ।

ख) मिडिया विकास कोषको लागि खर्च गर्नुपर्ने कर्मचारी वा प्रशासनिक कार्यबापत स्थापनाकालमा तोकिएको सिमासम्मको रकम तत्सम्बन्धी कार्यको लागि खर्च गर्न सकिने छ ।

ग) यो कोषको मूल मर्मलाई असर पर्ने गरी अन्यत्र रकम खर्च गरिने छैन । पत्रकार र सञ्चारमाध्यमको विकासको लागि मागअनुसारको रकम उपलब्ध भइरहेको अवस्थामा अन्य कुनै अत्यावश्यक कार्यमा खर्च गर्नुपर्ने भएमा मिडिया विकास कोषको उद्देश्यअनुरुप हुने गरी बजेट तथा कार्यक्रम स्वीकृत गरी अन्य पुँजीगत कार्यमा खर्च गर्न सकिने छ ।

**१४. बाधा अड्काउ फुकाउने अधिकार**

मिडिया विकास कोष नीतिको मूल मर्ममा असर नपर्नेगरी बाधा अड्काउ फुकाउने अधिकार मिडिया विकास कोषलाई हुनेछ ।